# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार ३ गते, २०७७ साल (संख्या ९

# भाग ३

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०२।३० को निर्णयानुसार "COVID-१९ कोरोना भाइरसका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**COVID-19 कोरोना भाइरसका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७७**

**प्रस्तावनाः** विश्वव्यापी रुपमा फैलिएको COVID-19 कोरोना भाइरसका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकिय कार्यविधी (नियमित) गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५ प्रदेश सरकारले यो कार्यविधी निर्माण गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "COVID-19 कोरोना भाइरसका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७७" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "**अस्पताल**" भन्नाले COVID-19 पोजेटिभ देखिएका व्यक्तिको उपचार गर्ने अस्पताल सम्झनुपर्छ ।

(ख) "**आइसोलेसन**" भन्नाले COVID-19 को संक्रमण पुष्टि भएका व्यक्तिहरुलाई राखिएको स्थान सम्झनुपर्छ ।

(ग) "**क्वारेन्टाइन**" भन्नाले COVID-19 को सम्भावित संक्रमितलाई राखिएको स्थान सम्झनुपर्छ ।

(घ) "**प्रदेश सरकार**" भन्नाले प्रदेश नं. ५ प्रदेश सरकारलाई सम्झनुपर्छ ।

(ङ) "**शव**" भन्नाले यस कार्यविधीको प्रयोजनका लागि शव भन्नाले COVID-19 पोजेटिभ देखिएका व्यक्तिको मृत शरीर सम्झनुपर्छ ।

(भ) "**स्वास्थ्य संस्था**" भन्नाले COVID-19 को उपचारको लागि तोकिएको स्वास्थ्य संस्था वा कार्यालय सम्झनुपर्छ ।

३. **उद्देश्यहरुः** (१) यस कार्यविधीको उद्देश्यहरु देहायबमोजिम हुनेछन्,-

(क) शव व्यवस्थापनमा संलग्न सरोकार निकायहरुको कार्यक्षेत्र र भूमिका स्पष्ट पार्नु ।

(ख) खण्ड (क) बमोजिमको भूमिका निर्वाह गर्न सरोकारवाला निकायहरुको पूर्वतयारी र क्षमता विकासका आधारहरु तयार गर्नु ।

(ग) शव व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीको बन्दोबस्त गर्नु।

(घ) पीडित/प्रभावित व्यक्ति/परिवार/समुदायको धार्मिक, साँस्कृतिक जातीय एवं सामाजिक परम्पराको मर्यादा राखी शव व्यवस्थापन गर्नु।

(ङ) वैज्ञानिक ढङ्गले शव व्यवस्थापन नगर्दा व्यक्ति/समूदायमा हुन सक्ने संभावित संक्रमणबाट जोगाउनु।

(च) शव व्यवस्थापनमा संलग्न निकायहरु बीच आवश्यक समन्वय सहकार्य र सूचना आदान प्रदान गरी शव व्यवस्थापनका प्रकृयाबारे सरोकारवालालाई जानकारी गराउनु ।

४. **शवको पहिचानः** (१) COVID-19 (कोरोना भाईरस) का कारण मृत्यु भएका वा अन्य कारणले मृत्यु भई COVID-19 (कोरोना भाईरस) को संक्रमण समेत देखा परेका व्यक्तिको शव पहिचान गर्दा देहाय बमोजिम विषयमा ध्यान दिनु पर्दछ,-

(क) COVID-19 कोरोना भाइरसबाट संक्रमित व्यक्तिको मृत्यु भएको हो भन्ने विषयको लिखित जानकारी सम्बन्धित अस्पताल वा

स्वास्थ्यकर्मीले दिनु पर्नेछ । यसरी जानकारी दिँदा स्वाब परीक्षण गरेको रिपोर्ट समेत संलग्न राख्नु पर्नेछ ।

(ख) शवको बारेमा जानकारी दिँदा मृत्यु भएको कारण निजको पहिचान खुल्ने गरी (नाम, थर, ठेगाना/स्थायी/अस्थायी) नजिकका आफन्त वा परिवार समेत उल्लेख गर्नु पर्नेछ ।

(घ) अस्पताल वा स्वास्थ्य संस्था बाहेक घरमा वा अन्य सार्वजनिक स्थानमा मृत्यु भएकोमा सम्बन्धित परिवार-आफन्त-नजिकको छिमेकी वा उक्त शव देख्ने जो कसैले पनि स्थानीय जनप्रतिनिधि, स्वास्थ्य संस्था र सुरक्षा निकायमा जानकारी गराउनुपर्नेछ । त्यस्तो जानकारी प्राप्त गरे पछि उक्त शवलाई तत्काल अस्पताल/स्वास्थ्य संस्थाले अस्पताल वा स्वास्थ्य संस्थामा मृत्यु भए सरहको प्रकृया अवलम्बन गरी शव व्यवस्थापन गर्नु पर्नेछ ।

(ङ) कुनै व्यक्तिको मृत्यु हुँदा निजको परिवारका सदस्य वा आफन्तजन वा हेरचाह गर्ने व्यक्ति संगै रहेको भए त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण निजले अस्पताल/स्वास्थ्य संस्थालाई दिनु पर्ने छ । साथै शव संबन्धी अन्य कुनै विवरण र चासोका विषय भए सो समेत खुलाउनु पर्नेछ ।

५. **<u>अस्पतालको उपचार कक्षबाट शव हटाउने तथा भण्डारणः</u>** मृतकको मृत शरीरबाट निस्केको थुक/खकार/सिंगान वा यस्तै प्रकारका तरल पदार्थ (Bodily fluids) बाट संक्रमण फैलिन सक्ने, निजले प्रयोग गरेको वस्तु सामानमा भाईरसका जिवाणु रहन सक्ने र शव रहेको स्थानमा समेत जिवाणु रहन सक्ने संभावना भएकोले अस्पताल वा स्वास्थ्य संस्थाले उपचार कक्षबाट शव हटाउँदा निम्न कुरामा ध्यान दिनुपर्नेछ,-

(क) शवलाई चलाउनु पर्दा सकभर कम चलाउनेगरी योजना बनाउने ।

(ख) शवमा लागेका पाईप क्याथेटर लगायतका सामग्रीहरु स्वास्थ्यकर्मीले हटाउने ।

(ग) शरीरको कुनै भागबाट स्वाब आईरहेको भए त्यसलाई होशियारीपूर्वक बन्द गर्नुपर्ने ।

(घ) शवलाई अन्य अवस्थामा जस्तै टाउको, अनुहार लगायतका शरीरका सबै भागहरु सेतो कपडाले लपेट्ने, यदि शरीरबाट कुनै तरल पदार्थ चुहिरहेको भए dead body bag मा राख्ने वा पानी नछिर्ने कपडा वा प्लास्टिकले लपेट्ने ।

(ङ) मृतकले प्रयोग गरेका सबै लत्ताकपडाहरु उचित सावधानीका साथ Bio-hazard वा प्लास्टिकको झोलामा राख्ने र झोलाको बाहिरी सतह 0.1% sodium Hypochlorite Solution ले सफा गर्ने ।

(च) पुनः प्रयोगमा आउनसक्ने सामाग्री जस्तै घडी, गरगहनाहरु ७०% अल्कोहल स्यानीटाईजरले डिसइन्फेक्ट गरी मृतकको हकवालालाई फिर्ता दिने ।

(च) शवलाई उपचार कक्षबाट र्‍यापिङ्ग गरेपछि भण्डारण स्थानमा लैजाने कार्य अस्पतालका कर्मचारीले गर्ने ।

(छ) शव भण्डारण गर्दा एक शव माथि अर्को शव खप्टिने गरी नराख्ने तथा प्रत्येक शवमा निजको पहिचान खुल्ने गरी संकेत चिन्ह वा परिचय खुल्ने ट्याग वा अन्य वस्तुको प्रयोग गर्ने ।

(ज) शवलाई विशेष प्रकारको झोलामा राखी बन्द गर्ने र शव भण्डारमा शव राख्ने र निकाल्ने कार्य अस्पताल/स्वास्थ्य संस्थाले गर्ने ।

(झ) अस्पताल/स्वास्थ्य संस्थामा शव वाहन भए सोही शव वाहनमा र नभएमा जिल्ला संकट व्यवस्थापन केन्द्र/स्थानीय संकट व्यवस्थापन केन्द्रले वा स्थानीय तहले उपलब्ध गराएका शव वाहन वा साधनमा राख्ने कार्य नेपाली सेनाले सुरक्षित ढङ्गले गर्ने ।

(ञ) अस्पताल, शव परिक्षण गृह, शववाहन, चिहान वा अन्तिम संस्कार गर्ने स्थानमा शवको व्यवस्थापन गर्ने व्यक्तिहरुले संक्रमण रोकथाम नियन्त्रणका विधिहरु अपनाई अनुसूची (क) अनुसारको सुरक्षित व्यक्तिगत सुरक्षा सामाग्री (PPE) प्रयोग गर्नुपर्ने छ । यस्तो सामाग्री सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराउने ।

(ट) अस्पताल बाहेक अन्य ठाउँमा COVID-19 संक्रमितको मृत्यु भएमा त्यस्तो शवलाई अस्पताल वा स्वस्थ्य संस्थाका स्वास्थ्यकर्मीले र्‍यापिङ्ग गरेपछि उठाउने र अन्तिम संस्कार गर्ने कार्यसम्म नेपाली सेनाले गर्ने ।

(ठ) खण्ड (ट) बमोजिमको शव उठाउँदा र ओसार पसारमा संलग्न व्यक्तिले अनुसूची (क) २ बमोजिमका सुरक्षा सामग्री प्रयोग गर्नु पर्दछ र उक्त सामाग्री जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराउने।

६. **पोष्टमार्टम सम्बन्धी व्यवस्थाः**

(क) सामान्यतया COVID-19 संक्रमित व्यक्तिको मृत शरीरको पोष्टमार्टम गर्नु हुँदैन ।

(ख) कुनै परिस्थितिमा पोष्टमार्टम गर्नुपर्ने भएमा त्यस्तो विषयको निर्णय नेपाल प्रहरीले गर्नुपर्नेछ ।

(ग) पोष्टमार्टम गर्नुपर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिमको थप होसियारी अपनाउनु पर्नेछ।

७. **सूचना तथा समन्वयः**

(क) COVID-19 कोरोना भाइरसको कारण मृत्यु भएका व्यक्तिहरुको बारेमा अस्पताल/स्वास्थ्य संस्था/ परिवार/आफन्त वा छिमेकीले छिटो भन्दा छिटो जिल्ला प्रशासन कार्यालय र नजिकको सुरक्षा निकाय (नेपाल प्रहरी) लाई जानकारी दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम सूचना प्राप्त गरेपछि जिल्ला प्रशासन कार्यालयले तत्काल जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक राखी स्थानीय तहले उपलब्ध गराएको स्थानमा शवको अन्तिम संस्कारको लागि आवश्यक समन्वय गर्नेछ ।यसरी पहिचान भएको अन्तिम संस्कार स्थलमा अन्तिम संस्कार गर्न कसैले पनि वाधा अवरोध गर्न पाईने छैन।

(ग) शव व्यवस्थापन गर्नुपूर्व संकट व्यवस्थापन केन्द्र, नेपाल प्रहरी वा सम्बन्धित स्थानीय तह मार्फत मृतकका नजिकको परिवार/ आफन्तसँग सम्पर्क गरी शव व्यवस्थापनको प्रकृयाबारे मौखिक जानकारी गराउनुपर्नेछ ।

(घ) शव व्यवस्थापनका लागि आवश्यक पर्ने दाउरा/डोजर र अन्य सामाग्री मृतकको हाल बसोबास गरिरहेको स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ । यदि विदेशी नागरिक वा अन्य स्थानबाट उपचार गराउन आएको व्यक्ति रहेछ भने अस्पताल-स्वास्थ्य संस्था रहेको स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ ।

(ङ) शवलाई छिटो भन्दा छिटो अन्तिम संस्कार गर्ने स्थानमा लैजाने जिम्मेवारी नेपाली सेनाको हुने छ। शव भएको स्थानबाट शव लैजाने बाटो तथा अन्तिम संस्कार गर्ने स्थानको सुरक्षा गर्ने जिम्मेवारी नेपाल प्रहरीको हुने छ । शव भण्डारणको लागि स्थान अभाव भएमा सम्बन्धित स्थानीय तहले उपयुक्त स्थानको पहिचान गरी उपलब्ध गराउनुपर्नेछ ।

८. <u>परिवारको भूमिकाः</u>

(क) अस्पताल वा स्थानीय तह वा अन्य माध्यमबाट मृत्यु सम्बन्धि जानकारी प्राप्त हुन आएमा शव व्यवस्थापनमा मृतकको परिवार वा नजिकको आफन्तले सहयोग गर्नुपर्नेछ ।

(ख) शवको सनाखत गर्ने र शव व्यवस्थापन संबन्धी कुनै विषय भए तत्काल जिल्ला संकट व्यवस्थापन केन्द्रलाई जानकारी गराउनु पर्ने छ ।

(ग) मृतकका परिवारलाई कम्तिमा १ मिटर टाढैबाट शवको अनुहार हेर्न दिईनेछ तर ६० वर्ष पुगेका व्यक्तिहरु र दिर्घ रोगीहरुलाई शवको नजिक जानबाट रोकिनेछ ।

(घ) मृतकका परिवार वा आफन्त मध्ये सिमित व्यक्तिहरुले शव उठाउने बेलामा कूल -परम्परा अनुसार शवलाई नछोईकन जल छर्कने, पाठ गर्ने, फूलमाला चढाउने जस्ता कृयाकलापहरु कम्तिमा १ मिटर टाढैबाट गर्न सक्नेछन् ।

(ङ) मृतकका परिवार अन्तिम संस्कार गर्ने स्थानमा जान चाहेमा सवारी साधनको व्यवस्था परिवार स्वयंले गर्नुपर्नेछ। सम्बन्धित परिवारले

सवारी साधन व्यवस्था गर्न नसकेमा सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउनु पर्ने छ ।

(च) मृतकको परिवारले शवको सनाखत नगरेमा वा शव व्यवस्थापन संबन्धी कुनै चासो नलिएमा पनि शव व्यवस्थापन गर्न कुनै बाधा पर्नेछैन ।

९. **<u>शवको सम्मानः</u>**

(क) COVID-19 कोरोना भाइरस संक्रमित व्यक्तिको शव व्यवस्थापन गर्दा अधिकार प्राप्त अधिकारीले मृतकको कूल-धर्म-परम्परा अनुसार सम्मानपूर्वक व्यवस्थापन गर्नेछ । राजकीय सम्मान प्राप्त हुने व्यक्तिको मृत्यु भएमा सलामी दिने व्यवस्था गर्नु पर्नेछ । राजकीय सम्मान दिनु पर्ने हो या होइन भन्ने प्रश्न उठेमा प्रमुख जिल्ला अधिकारीले निर्णय गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम शवको अन्तिम सम्मानको विषयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सरोकारवालाले जानकारी नगराएको अवस्थामा शव व्यवस्थापन गर्दा सम्मान पूर्वक भएको थियो वा थिएन भन्ने प्रश्न उठाउन पाईने छैन ।

(ग) मृतकको फोटो खिच्ने, पहिचान संकेत राख्ने र परिवारलाई फोटो उपलब्ध गराउने कार्य सम्बन्धित  अस्पताल-स्वास्थ्य संस्थाले गर्नेछ।

(घ) शवको अन्तिम संस्कार गर्दा संभव भए कूल/धर्म/परम्परा अनुसार अन्तिम संस्कार गर्नु पर्ने छ। तर सो संभव नभएमा खाल्डो खनी सोही खाल्डोमा राम्ररी पुरेर बाहिर सतहमा तारबार गर्ने वा अन्य कुनै व्यक्ति वा जनावर तत्काल जान नपाउने गरी रोक्ने वा संक्रमणमुक्त

बनाउने जिम्मेवारी नेपाली सेनाको हुनेछ । यसको लागि आवश्यक पर्ने सामाग्री सम्बन्धित स्थानीय तहले उपलव्ध गराउनु पर्नेछ ।

१०. **<u>बेवारीसे शव सम्बन्धमाः</u>** मृत व्यक्तिको पहिचान नखुलेको शवलाई बेवारिसे शव मानिनेछ, त्यस्तो शवको व्यवस्थापन गर्दा निम्न कार्य गर्नु पर्नेछ,-

(क) नेपाल प्रहरीले प्रचलित कानून बमोजिमको प्रकृया पूरा गर्ने ।

(ख) अस्पताल/स्वास्थ्य संस्थाले अन्य कोरोना संक्रमित शव सरह शवको र न्यापिङ गरी अन्तिम संस्कारका लागि उपलब्ध गराउने।

(ग) खण्ड (ख) बमोजिम शव प्राप्त हुनासाथ नेपाली सेनाले छिटो भन्दा छिटो अन्तिम संस्कार गर्न लैजानुपर्नेछ ।

११. **<u>शव व्यवस्थापनमा संलग्न व्यक्तिहरुको स्वास्थ्य सम्बन्धी व्यवस्थाः</u>**

(क) शवको अन्तिम संस्कार सकिएपछि संक्रमण हुन सक्ने सतहलाई संक्रमणमुक्त गरी त्यस कार्यमा संलग्न सबै कर्मचारी/व्यक्तिले सुरक्षित ढङ्गले व्यक्तिगत सुरक्षा सामाग्री निकाल्नुपर्नेछ । आफूलाई नुहाई धुवाई गरी संक्रमणमुक्त गर्नुपर्नेछ ।

(ख) संरक्षण प्रदान गर्ने व्यक्तिगत उपकरणहरु उचित ढंगले तह लगाउनु पर्नेछ, जैविक ढंगले खतराजन्य छ भन्ने लागेमा त्यसलाई जलाउनु पर्नेछ ।

(ग) शव व्यवस्थापनमा संलग्न कर्मचारी/व्यक्तिले शारीरिक स्वास्थ्यजाँच र मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श लिने दिने गरी कम्तिमा १४ दिन एकान्त बासमा बस्नुपर्नेछ ।

(घ) आफूमा रोगको कुनै लक्षण छ/छैन भन्ने बारेमा सजग भई रोगको आशंका भएमा चिकित्सकको सुझाव र संपर्कमा रहनुपर्नेछ ।

१२. **विविधः** शव व्यवस्थापन संबन्धमा यस कार्यविधीमा लेखिएको कुरामा यसै बमोजिम र अन्य कुरामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको COVID-19 का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधी-२०७६ तथा विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन-२०६८ बमोजिम हुनेछ ।

अनुसूची (क)

**<u>मृतक शरीर सम्हाल्दा चाहिने सामाग्री तथा PPE को प्रयोग गर्दा ध्यान दिनुपर्ने</u>**

| सि.नं. | विवरण | PPE मा समावेश हुनु पर्ने सामाग्रीहरु |
|---|---|---|
| १ | शव परिक्षण (Autopsy) | Full PPE<br>क) सम्पूर्ण सुरक्षात्मक कपडा (coverall)<br>ख) लामो बाहुला भएको पानी नछिर्ने Gown<br>ग) पञ्जा ( 2 pairs or 1 pair autopsy gloves)<br>घ) मुख छोप्ने Face shield<br>ङ) चस्मा (Goggles)<br>च) N 95 masks or Aerosol – generating procedures or सर्जिकल मास्क<br>छ) गम बुट<br>ज) टोपी (Head cover)<br>झ) जुत्ताको खोल (shoe cover – knee length) |
| २ | शव व्यवस्थापन गर्ने व्यक्ति | PPE मा समावेश हुनु पर्ने सामाग्रीहरु<br>क) पानी नछिर्ने अप्रोन<br>ख) पञ्जा<br>ग) सर्जिकल मास्क<br>घ) चस्मा<br>ङ) गम बुट<br>च) जुत्ताको खोल (shoe cover – knee length) |
| ३ | शव गृह | PPE मा समावेश हुनु पर्ने सामाग्रीहरु |

| | | |
|---|---|---|
| | | क) पानी नछिर्ने अप्रोन<br>ख) पञ्जा<br>ग) सर्जिकल मास्क<br>घ) चस्मा<br>ङ) गम बुट<br>च) लामो बाहुला भएको Gown<br>छ) जुत्ताको खोल (shoe cover – knee length) |
| ४ | नातेदार | PPE मा समावेश हुनु पर्ने सामाग्रीहरु<br>क) पञ्जा<br>ख)सर्जिकल मास्क |
| ५ | यातायात | सकेसम्म शव वहानको प्रयोग गर्ने, चालकले प्रयोग गर्ने PPE<br>क)सर्जिकल मास्क<br>ख) पञ्जा |
| ६ | अन्त्येस्टि | अन्त्येस्टि गर्ने व्यक्तिहरुले प्रयोग गर्ने PPE<br>क)सर्जिकल मास्क<br>ख) पञ्जा |
| ७ | कोभिड–१९ बाट शंकास्पद मरण भएको तर swab परिक्षण गर्दा Negative देखिएमा | PPE मा समावेश हुनु पर्ने सामाग्रीहरु<br>क) पानी नछिर्ने अप्रोन<br>ख) पञ्जा<br>ग)सर्जिकल मास्क<br>घ) चस्मा<br>ङ) गम बुट |
| ८ | फोहर व्यवस्थापन र वातावरण | Disposal bag for bio-hazardous waste or thick plastic bag, किटाणु/विषाणु रहित |

| | | |
|---|---|---|
| | सरसफाई | पारि सफा गर्न 70% ethanol, 0.5% or 0.1% (minimum concentration) of sodium Hypochlorite solution |
| ९ | हातको नियमित सरसफाई | Alcohol based hand rub (hand sanitizer)<br>running water,<br>soap<br>हात सुकाउनको लागी disposable towel, Tissue paper, paper towel |

# अनुसूची (ख)

## **COVID-19** Confirmed/Suspected/Probable case बाट मृत्यु भएमा शव व्यवस्थापन गर्ने तरिका

मृतकको शव

- अस्पतालको आकस्मिक वार्ड वा कक्ष
  - ↓ मृत्यु प्रमाण पत्र दिने
  - ↓ परिवारका सदस्यहरूलाई शव चलाउन वा छुन दिनु हुँदैन ।
  - ↓ PPE प्रयोग गरेर शव व्यवस्थापन प्रकृया मिलाएर व्यवस्थापन गर्ने ।
  - ↓ शवलाई भएमा body bag मा राख्ने नभएमा सेतो कपडामा बेर्न सकिन्छ र त्यस पछि प्लास्टिकमा बेंन सकिन्छ ।
  - ↓ परिवारका सदस्यहरुले हेर्न चाहेमा अनुहार १ मिटर टाढाबाट देखाउन सकिन्छ ।
  - ↓ शबलाई शव वाहनमा राखेर अन्त्यष्टि गर्ने स्थानसम्म लैजाने ।
- Isolation/Quarantine/ वेवारिशे शव
  - ↓ प्रहरीलाई खबर गर्ने
  - ↓ प्रहरीले पोष्टमार्टम गर्ने/नगर्ने भन्ने निर्णय गर्दछ ।
  - ↓ covid-19 को कारण मृत्यु भएको भए अन्त्यष्टिका लागी अन्त्यष्टि गर्ने स्थानमा लैजाने वा गाड्ने प्रवन्ध मिलाउने ।

**आज्ञाले,**

**रविलाल पन्थ**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय